# योगदानकर्ता सन्तति छात्रवृत्ति सञ्चालन कार्यविधि, २०७९

**स्वीकृत मितिः २०७९।०६।०५**

**प्रस्तावनाः** राष्ट्रियस्तरको कल्याणकारी कोषमा जम्मा भएको रकमवाट बोनस ऐन, २०३० को दफा १३ तथा बोनस नियमावलीको नियम १३ को खण्ड (ग) बमोजिमको छात्रवृत्ति सामाजिक सुरक्षा कोषमा योगदान गर्ने योगदानकर्ताका जेहेन्दार सन्ततिलाइ उच्च शिक्षा अध्ययनका लागि योग्यताका आधारमा प्रदान गरिने छात्रवृत्तिको विधा, विधि तथा मापदण्ड निर्धारण गरी छात्रवृत्ति वितरण प्रक्रियालाइ पारदर्शी, समावेशी तथा प्रभावकारी वनाउन वाञ्छनीय भएकोले

योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा १० को उपदफा(१) खण्ड (ज) वमोजिम योजना सञ्चालन गर्न दफा ७० को उपदफा (२) वमोजिम सामाजिक सुरक्षा कोषले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम **"योगदानकर्ता सन्तति छात्रवृत्ति सञ्चालन कार्यविधि, २०७९"**रहेकोछ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएछिको शैक्षिक सत्रवाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिको प्रयोजनका लागिः–

(क) "ऐन" भन्नाले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ सम्झनुपर्छ ।

(ख) "नियमावली" भन्नाले योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ सम्झनुपर्छ ।

(ग) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनुपर्छ ।

(घ) "कोष" भन्नाले सामाजिक सुरक्षा कोष सम्झनुपर्छ ।

(ङ) "समिति" भन्नाले सामाजिक सुरक्षा कोष को सञ्चालक समिति सम्झनुपर्छ।

(च) "योगदानकर्ता सन्तति छात्रवृत्ति कार्यक्रम" भन्नाले ऐनको दफा १० को उपदफा (ज) वमोजिम योगदानकर्ताका सन्ततिलाइ यस कार्यविधि वमोजिम उच्च शिक्षा अध्ययन गर्न प्रदान गरिने छात्रवृत्ति कार्यक्रम सम्झनुपर्दछ ।

(छ) "राष्ट्रियस्तरको कल्याणकारी कोषमा जम्मा भएको रकम" भन्नाले वोनस ऐन, २०३० को दफा १३ वमोजिम नेपाल सरकारले स्थापना गरेको राष्ट्रियस्तरको कल्याणकारी कोषमा निजी उद्योग

सामाजिक सुरक्षा कोष

प्रतिष्ठान तथा नेपाल सरकारका पूर्ण वा आंशिक स्वामित्व भएका संस्थाले जम्मा गरी हाल सामाजिक सुरक्षा कोषमा रहेको रकमलाइ सम्झनुपर्दछ ।

(च) "उपसमिति" भन्नाले कार्यविधिको दफा ११ बमोजिम गठित छात्रवृत्ति सिफारिस उपसमिति सम्झनुपर्छ।

(छ) "योगदानकर्ता" भन्नाले औपचारिक क्षेत्रमा काम गरी सामाजिक सुरक्षा कोषमा कम्तिमा नेपाल सरकारले तोकेको न्यूनतम आधारभुत पारिश्रमिक भन्दा कम नहुने गरी नियमित रुपमा रोजगारदाता मार्फत योगदान गरिरहेको व्यक्ति सम्झनु पर्दछ ।

(ज) "सन्तति" भन्नाले योगदानकर्ताको एकासगोलमा रहेका छोरा वा छोरी सम्झनुपर्छ।

(झ) "शैक्षिक शुल्क" भन्नाले शिक्षण संस्थाले विद्यार्थीलाइ अध्यापन गराए वापत लिने मासिक वा सेमेष्टर अनुसारको शिक्षण शुल्क वापतको रकमलाई सम्झनुपर्दछ ।

सामाजिक सुरक्षा कोष

## परिच्छेद २

## छात्रवृत्ति सम्वन्धी व्यवस्था

३. **छात्रवृत्ति प्रदान गरिने:** (१) कोषले यो कार्यविधि प्रारम्भ भएपछि प्रत्येक वर्ष स्वदेशी विश्वविद्यालय वा कलेज वा शैक्षिक संस्थामा दफा ७ वमोजिमका कुनै विषयमा स्नातक तहको प्रथम वर्षमा भर्ना भई अध्ययन गरिरहेका कोषमा योगदान गर्ने योगदानकर्ताका सन्ततिलाई यस कार्यविधिको अधिनमा रही छात्रवृत्ति प्रदान गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने छात्रवृत्ति दफा ७ बमोजिमको छुट्टा छुट्टै बिषयका लागि हरेक वर्ष प्रत्येक प्रदेशबाट कम्तिमा १ महिला सहित जम्मा २ जनाका दरले जम्मा ८४ जनालाई प्रदान गरिनेछ ।

(३) उपदफा (२) बमोजिम सम्बन्धित प्रदेश र निर्धारित विषयमा आवेदन प्राप्त नभए वा उम्मेदवार छनौट हुन नसकेमा सो संख्या अन्य प्रदेश वा अन्य विषयमा थप गरि समायोजन गरिने छैन।

(४) उपदफा (२) वमोजिम निर्धारित सङ्ख्यामा छनौट भएका प्रति सन्ततिलाइ एकपटकका लागि विश्वविद्यालय वा कलेज वा शैक्षिक संस्थाले स्नातक तहका लागि निर्धारण गरेको शैक्षिक शुल्क वापतको रकम वा पाँच लाख रुपैंयामध्ये जुन कम हुन्छ सो रकम छात्रवृत्तिको रुपमा प्रदान गरिनेछ ।

(५) कोषले उपदफा (४) बमोजिम उपलव्ध गराउने रकम सम्वन्धित विश्वविद्यालय वा कलेज वा शैक्षिक संस्था र कोषको विचमा सम्झौता गरि सम्बन्धित विश्वविद्यालय वा कलेज वा शैक्षिक संस्थाको वैंकको खातामा छात्रवृत्ति प्रदान गर्ने निर्णय भएको १५ दिन भित्र उपलव्ध गराउनेछ ।

४.**श्रोत:**यस कार्यविधि बमोजिम प्रदान गर्ने छात्रवृत्तिका लागि ऐनको दफा २६ को उपदफा (२) खण्ड (घ) बमोजिम राष्ट्रियस्तरको कल्याणकारी कोष मार्फत कोषमा जम्मा भएको रकम परिचालन गरी आर्जित व्याज रकमवाट व्यहोरिनेछ।

५. **छात्रवृत्ति प्राप्त गर्ने योगदानकर्ताको योग्यता:** योगदानकर्ता सन्तति छात्रवृत्ति कार्यक्रमवाट छात्रवृत्ति प्राप्त गर्ने योगदानकर्ताको योग्यता देहाय बमोजिम हुनेछ:-

क) छात्रवृत्तिको लागिपहिलो पटक सूचना प्रकाशित भएको मितिसम्म कोषमा कम्तिमा २४ महिना सहित पछिल्लो ६ महिनाको नियमित योगदान गरेको,

ख) योगदानकर्ता नेपाली नागरिक भएको,

ग) योगदानकर्ताको वार्षिक पारिवारिक आम्दानी रु ६ लाख भन्दा कम भएको ।

६. **छात्रवृत्ति प्राप्त गर्ने योगदानकर्ताका सन्ततिको योग्यता:** योगदानकर्ताको निम्न वमोजिमको योग्यता भएका सन्तति छात्रवृत्तिका लागि आवेदन गर्न योग्य हुनेछ:-

क. दश जोड दुइ वा सो सरहको परिक्षामा कम्तिमा B ग्रेड वा सो सरह अङ्क प्राप्त गरी उत्तीर्ण भएको,

ख. स्वदेशी विश्वविद्यालय वा कलेज वा शिक्षण संस्थामा भर्ना भइ स्नातक तह प्रथम वर्षमा अध्ययन गरिरहेको,

ग. पच्चीस वर्ष उमेर पुरा नभएको,

घ. नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा नेपाल सरकारको संगठित संस्था वा अन्य सार्वजनिक सेवाको पदमा स्थायी नियुक्ति नभएको ।

७.**<u>छात्रवृत्ति प्रदान गरिने बिषयः</u>** कोषवाट दफा ५ बमोजिमको योग्यता पुगेका योगदानकर्ताका दफा ६ वमोजिमको योग्यता पुगेका सन्ततिलाइ स्वदेशी विश्वविद्यालय वा कलेज वा शैक्षिक संस्थामा सञ्चालन हुने निम्न विषयमा स्नातक तह अध्ययनका लागि छात्रवृत्ति प्रदान गरिनेछ ।

(क) चिकित्सा विज्ञान,

(ख) ईन्जिनियरिङ्ग,

(ग) नर्सिङ्ग,

(घ) बन बिज्ञान,

(ङ) कृषि विज्ञान,

(च) होटल तथा ट्राभल व्यवस्थापन ।

८.**<u>सूचना प्रकाशित गर्नुपर्नेः</u>** (१) कोषले छात्रवृत्तिको जानकारी योगदानकर्तालाइ समयमा नै प्रदान गर्ने प्रयोजनका लागि कम्तिमा १५ दिनको समय दिइ प्रत्येक वर्ष राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कम्तिमा दुइ पटक सूचना प्रकाशित गर्नुपर्नेछ।

(२) उपदफा (१) वमोजिमको सूचनामा देहायको विवरण अनिवार्य रुपमा खुलाउनुपर्नेछः-

क. दफा ७ वमोजिम छात्रवृत्ति प्रदान गरिने विषय, संख्या र प्रादेशिक वितरण व्यवस्था,

ख. छात्रवृत्ति वापत उपलव्ध गराइने अधिकतम रकम,

ग. निवेदन साथ संलग्न हुनुपर्ने कागजात,

घ. निवेदन वुझाउने भौतिक वा विद्युतीय ठेगाना र अन्तिम मिति,

ङ. अन्य सान्दर्भिक विषय भए सो ।

(३) उपदफा (१) वमोजिमको सूचना कोषको वेभसाइटमा अनिवार्य रुपमा प्रकाशन गर्नुपर्नेछ ।

सामाजिक सुरक्षा कोष

**९.छात्रवृत्तिका लागि निवेदन पेश गर्नुपर्ने:**(१) दफा ८ बमोजिम प्रकाशित सूचनाको अवधिभित्र छात्रवृत्तिका लागि निवेदन दिँदा निम्न बमोजिमका कागजात संलग्न गर्नुपर्नेछ ।

(क) अनुसूची १ बमोजिमको ढाँचामा तयार गरिएको निवेदन,

(ख) योगदानकर्ता र सन्ततिबीच नाता खुल्ने नाता प्रमाण-पत्र,

(ग) योगदानकर्ताको सन्ततिले दफा ७ मा उल्लिखित विषयमध्ये आफूले अध्ययन गर्न चाहेको विषयमा सम्वन्धित विश्वविद्यालय वा कलेज वा शिक्षण संस्थामा भर्ना भइ नियमित अध्ययन गरिरहेको प्रमाण,

(घ) आफूले रोजेको विषय अध्ययन गर्दा विश्वविद्यालय वा कलेज वा शिक्षण संस्थालाइ शैक्षिक शुल्क वापत भुक्तानी गर्नुपर्ने रकम खुल्ने पत्र,

(ङ) रोजगारदाताको सिफारिस पत्र,

(च) सन्ततीको SEE र उच्च माध्यमिक तहको लब्धाङ्कपत्र तथा चारित्रिक प्रमाणपत्र,

(छ) सामाजिक सुरक्षा परिचयपत्र,

(ज) योगदानकर्ता र सन्ततीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(झ) योगदानकर्ताको सन्तति दफा ६ को खण्ड (घ) वमोजिम स्थायी नियुक्ति नपाएको स्व: घोषणा ।

(२) छात्रवृत्तिका लागि विद्युतीय माध्यमवाट निवेदन माग भएमा योगदानकर्ताले सोही वमोजिम निवेदन पेश गर्नुपर्नेछ ।

(३) सामुदायिक वा संस्थागत विद्यालयवाट SEE र दश जोड दुइ वा सो सरहको परिक्षा उत्तीर्ण गर्ने सन्ततिले प्रत्येक जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइ र राष्ट्रिय परिक्षा वोर्ड वा सो अन्तर्गतको कार्यालयवाट सम्वन्धित विद्यालय सामुदायिक वा संस्थागत कुन प्रकृतिको हो भनि गरेको सिफारिश समेत पेश गर्नुपर्नेछ ।

(४) कोषले प्रकाशित गरेको सूचनाको अवधिभित्र पेश नभएका निवेदनलाइ छात्रवृत्ति प्रक्रियामा समावेश गरिने छैन् ।

सामाजिक सुरक्षा कोष

## परिच्छेद ३

## छात्रवृत्ति प्राप्त गर्ने सन्तति छनौट विधि

**१०. <u>छात्रवृत्ति सिफारिस उप समितिः</u>** (१) योगदानकर्ताका सन्तति लाई कोषबाट प्रदान गरिने छात्रवृत्ति उपलव्ध गराउने सिलसिलामा योग्य व्यक्ति सिफारिश गर्न देहाय बमोजिमको छात्रवृत्ति सिफारिश उप समिति रहनेछ ।

(क) कोषका सञ्चालक मध्येवाट समितिले तोकेको एक जना सञ्चालक — संयोजक

(ख) रोजगारदाताको प्रतिनिधित्व गर्ने कोषका सञ्चालक मध्येवाट एक जना सञ्चालक — सदस्य

(ग) श्रमिकको प्रतिनिधित्व गर्ने कोषका सञ्चालक मध्येवाट एक जना सञ्चालक, — सदस्य

(घ) प्रतिनिधि (उपसचिवस्तर), श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय — सदस्य

(ङ) निर्देशक, सामान्य प्रशासन तथा योजना महाशाखा, सामाजिक सुरक्षा कोष — सदस्य सचिव

(२) कोषको सामान्य प्रशासन तथा जनशक्ति विकास शाखाले छात्रवृत्ति सिफारिश उप समितिको सचिवालयको रुपमा कार्य गर्नेछ ।

**११.<u>छात्रवृत्ति सिफारिस उप समितिको काम, कर्तव्य र अधिकारः</u>**(१) दफा ९ बमोजिमको छात्रवृत्ति सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) छात्रवृत्तिका लागि सूचना प्रकाशित गर्ने ।

(ख) कार्यविधिको कार्यान्वयनका लागि आवश्यक निर्देशिका तर्जुमा गर्ने।

(ग) प्राप्त निवेदन संकलन गर्ने ।

(घ) निवेदनको आधारमा छात्रवृत्तिका लागि निर्धारित मूल्याङ्कनका आधार वमोजिम मूल्याङ्कन गर्ने ।

(ङ) छात्रवृत्ति प्राप्त गर्न योग्य विद्यार्थीको सूची बनाई समितिमा सिफारिश गर्ने ।

(च) छात्रवृत्ति सम्बन्धि सम्पूर्ण प्रशासनिक कार्य गर्ने।

**१२.<u>मूल्याङ्कनका आधार र मूल्याङ्कन</u>** (१) प्राप्त निवेदन मध्येवाट छात्रवृत्ति सिफारिस उप समितिले निम्नअनुसारको मूल्याङ्कन आधारमा आधारित भइ मूल्याङ्कन गरी प्रदेशगत र विषयगत रुपमा छात्रवृत्तिका सूची समिति समक्ष सिफारिस गर्नेछ ।

सामाजिक सुरक्षा कोष

| | |
|---|---|
| क) कल्याणकारी कोषमा रकम जम्मा गर्ने प्रतिष्ठानका योगदानकर्ता | २० अङ्क |
| ख) योगदानकर्ताले सामाजिक सुरक्षा कोषमा गरेको योगदान | २० अङ्क |
| ग) सन्ततीले SEE र उच्च माध्यमिक तहमा प्राप्त गरेको अङ्क | १५ अङ्क |
| घ) विद्यालय, दश जोड दुइ तथा स्नातक तह अध्ययन गरेको/गर्ने शैक्षिक संस्था | १० अङ्क |
| ङ) योगदानकर्ताको स्थायी ठेगाना रहेको भौगौलिक क्षेत्र | १० अङ्क |

(२) उप समितिले मूल्याङ्कनका लागि लिने विस्तृत आधार अनुसूची २ बमोजिम हुनेछ ।

**१३.छात्रवृत्ति सम्बन्धि निर्णयः** दफा १२ बमोजिम भएको सिफारिसका आधारमा यस कार्यविधि अनुसार समितिले छात्रवृत्ति प्रदान गर्ने निर्णय गर्नेछ ।

**१४.प्राथमिकता दिनुपर्नेः** दफा १३ वमोजिम योगदानकर्ताका सन्ततिलाइ उपलव्ध गराइने छात्रवृत्तिको निर्णय गर्दा एकजना भन्दा वढी निवेदकको प्राप्ताङ्क समान भएमा देहायका निवेदकलाइ प्राथमिकता दिइ छात्रवृत्तिको निर्णय गरिनेछः-

क. संभाव्य उम्मेदवारको अभिभावक योगदानकर्तामध्ये वार्षिक आय कम भएको,

ख. सम्वन्धित विधाको मूख्य विषयमा सवैभन्दा वढी अङ्क वा ग्रेड प्राप्त गरेको,

ग. इञ्जिनियरिङ्ग विधा अन्तर्गत टनेल, रेल्वे, हाइड्रो तथा कम्प्युटर इञ्जिनियरिङ्ग विषय अध्ययन गरेको,

घ. खण्ड (क), (ख) र (ग) वमोजिम समेत योग्यताक्रम कायम गर्न नसकिएमा र समान आय, श्रेणी, वा विषय अध्ययन गर्ने सन्तति भएमा दश जोड दुइ वा सो सरहको परीक्षामा सवै भन्दा वढी ग्रेड वा अङ्क प्राप्त गरेको,

ङ. खण्ड (घ) वमोजिम समेत योग्यताक्रम कायम गर्न नसकिएमा SEE परीक्षामा सवैभन्दा वढी ग्रेड वा अङ्क प्राप्त गर्ने सन्तति ।

**१५. नतिजा प्रकाशित गर्नेः** (१) कोषले दफा १४ वमोजिम छात्रवृत्ति प्रदान गर्ने सन्ततिको नामावली सहितको प्रदेशगत र एकीकृत नतिजा प्रकाशित गर्नेछ ।

**१६.पुनरावेदन सम्वन्धी व्यवस्थाः**(१)यस कार्यविधि बमोजिम भएको छात्रवृत्ति सम्वन्धी निर्णय उपर चित्त नबुझ्ने सम्वन्धित योगदानकर्ताले नतिजा प्रकाशन भएको मितिले १५ दिनभित्र मन्त्रालयले गठन गरेको पुनरावेदन समिति समक्ष आधार र कारण सहित पुनरावेदन दिन सक्नेछ ।

सामाजिक सुरक्षा कोष

(२)उपदफा (१) वमोजिमको पुनरावेदन सुन्न मन्त्रालयले तीन सदस्यीय पुनरावेदन समिति गठन गर्नेछ।

(३)पुनरावेदन समितिमा प्राप्त भएको निवेदन उपर समितिले १५ दिन भित्र निर्णय गर्नुपर्नेछ र समितिको निर्णय अन्तिम हुनेछ ।

सामाजिक सुरक्षा कोष

## परिच्छेद ४

## विविध

**१७. <u>एक पटक मात्र पाउने:</u>** सन्तती छात्रवृत्ति एक योगदानकर्ताको परिवारले कोषबाट प्राप्त गर्ने छात्रवृत्ति निजको तमाम योगदान अवधीमा एक पटक मात्र प्राप्त गर्न सक्नेछ ।

**१८.<u>छात्रवृत्ति रकम भुक्तानी:</u>**(१)यस कार्यविधि बमोजिम प्रदान गरिने छात्रवृत्ति वापतको रकम सन्ततिले अध्ययन गर्ने विश्वविद्यालय वा कलेज वा शैक्षिक संस्थाको खातामा कोषसंग भएको सम्झौता अनुसार एकै पटक वा पटकपटक गरी भुक्तानी गरिनेछ ।

(२) उपदफा (१) वमोजिम विश्वविद्यालय वा कलेज वा शैक्षिक संस्थालाइ उपलव्ध गराइएको छात्रवृत्ति वापतको रकमको जानकारी सम्वन्धित योगदानकर्ता र रोजगारदातालाइ दिनुपर्नेछ ।

**१९.<u>छात्रवृत्ति स्थगन तथा असुली:</u>**(१) कोषबाट छात्रवृत्ति वापत आंशिक वा पुर्ण रुपमा रकम लिइसकेपछि देहाय बमोजिमको अवस्था पहिचान वा जानकारी भएमा निजलाइ प्रदान गर्न बाँकी रहेको छात्रवृत्ति रकम स्थगन गरि निजको नाममा सम्बन्धित विश्वविद्यालयवा कलेज वा शैक्षिक संस्थामा भुक्तानी भएको रकमको वार्षिक दश प्रतिशतले हुन आउने व्याज सहित सम्बन्धित योगदानकर्ताले कोषवाट पाउने सुविधा वा निजको चल अचल सम्पत्तिवाट असुलउपर गरिनेछ।

(क) झुट्टा कागजात वा विवरण पेश गरेको प्रमाणित भएमा,

(ख) कावु वाहिरको परिस्थिति बाहेक परीक्षा सकिएको एक महिनाभित्र अध्ययनको प्रगति विवरण नवुझाएमा,

(ग) छात्रवृत्ति प्राप्त गरेको बिषयको अध्ययन पुरा नगरी अध्ययन छोडेमा,

(घ) अध्ययन अवधिमा नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतवाट कसूरदार ठहर भएमा,

(ङ) सम्वन्धित शिक्षण संस्थावाट निष्काशित भएमा,

(च) छात्रवृत्तिको लागि छनौट भएको विषय अध्ययन नगरी अर्कै विषयमा अध्ययन गरेमा,

(छ) सम्वन्धित विषयमा शैक्षिक संस्थाले सञ्चालन गर्ने वार्षिक परीक्षामा न्यूनतम अङ्क भन्दा कम अङ्क वा ग्रेड प्राप्त गरेमा वा अनुत्तिर्ण भएमा,

(ज) सन्ततिले अन्य सरकारी निकायवाट यसै विषय अध्ययनका लागि कुनै छात्रवृत्ति उपयोग गरेमा ।

सामाजिक सुरक्षा कोष

तर, कोषवाट प्राप्त हुने छात्रवृत्तिको रकमा भन्दा त्यस्तो छात्रवृत्तिको रकम बढि भएमा बढि भएको हद सम्मको रकम उपयोग गर्न यस व्यवस्थाले वाधा पुऱ्याएको मानिनेछैन ।

(२) उपदफा (१) मा जुनसुकु कुरा लेखिएको भएतापनि देहायको अवस्थामा कोषले उपदफा (१) वमोजिम वुझाउनुपर्ने रकम मिनाहा गर्न सक्नेछ ।

क. सम्वन्धित योगदानकर्ता गम्भीर विरामी भएमा वा निजको मृत्यु भएमा,

ख. कावु वाहिरको परिस्थिति परि विद्यार्थीले अध्ययन पुरा गर्न नसकेमा,

ग. विद्यार्थीको मृत्यु भएमा ।

**२०.<u>शिक्षण संस्थाको कर्तव्यः</u>**(१)यस कार्यविधि अनुसार छात्रवृत्ति प्राप्त गरि अध्ययन गरिरहेको विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेको विषयको अध्ययन पुरा नगरी बीचमै अध्ययन छाडेमा वा अन्य विषयमा स्थानान्तरण भएमा यसरी अध्ययन छोडेको पन्ध्र दिनभित्र र अध्ययन सम्पन्न गरेकोमा सो मितिले एक महिनाभित्र कोषलाइ लिखित रुपमा जानकारी गराउनु सम्वन्धित शिक्षण संस्थाको दायित्व हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित विषय वाहेक अन्य विषय कोष र सम्वन्धित शिक्षण संस्थाका बिचमा हुने समझदारी पत्र वमोजिम हुनेछ ।

**२१.<u>काममा लगाउन सक्नेः</u>** कोषवाट प्राप्त छात्रवृतिमा अध्ययन पुरा गरेकाविद्यार्थीहरुलाई सामाजिक कार्यमा बढिमा ६ महिना सेवा गर्ने गरि कोषले काममा लगाउन सक्नेछ र कोषले लगाएको कार्य सम्पन्न गर्नु सम्बन्धित विद्यार्थीको कर्तव्य हुनेछ।

**२२. <u>अभिलेख राख्नुपर्नेः</u>** कोषले यस कार्यविधि वमोजिम योगदानकर्ता सन्तत्ति छात्रवृत्ति कार्यक्रम अन्तर्गत छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण अद्यावधिक गरी आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्नेछ ।

**२३.<u>व्याख्या तथा बाधा अड्काउ फुकाउन सक्नेः</u>**(१)यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा भएमा कार्यविधिको भावनाको प्रतिकूल नहुने गरी व्याख्या गर्ने अधिकार समितिलाई हुनेछ ।

(२) यस कार्यविधिमा लेखिएका कुनै व्यवस्था कार्यान्वयन गर्ने सिलसिलामा कुनै वाध उत्पन्न भएमा समितिले वाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची–१

## सामाजिक सुरक्षा कोष

## छात्रवृत्ति माग निवेदन

सन्ततिको फोटो

श्री सामाजिक सुरक्षा कोष

प्रशासन तथा जनशक्ति विकास शाखा ।

बिषयः छात्रवृत्तिको लागि निवेदन पेश गरेको सम्वन्धमा ।

महोदय,

मैले सामाजिक सुरक्षा कोषमा मिति ……………………………......... देखि नियमित रुपमायोगदान गर्दै आएको छु ।कोषले मिति…………मा प्रकाशन गरेको सूचना अनुसार देहायका विवरण सहित मेरो छोरा/छोरीलाइ ……….विषयमा स्नातक तह अध्ययन गर्न कोषवाट प्रदान गरिने छात्रवृत्तिको लागि तपसिलको विवरण सहित यो निवेदन पेश गरेको छु । योगदानकर्ताको रुपमा "योगदानकर्ता सन्तति छात्रवृत्ति सञ्चालन कार्यविधि, २०७९" अनुसार कोषले निर्धारण गरेका सवै शर्त, सुविधा तथा दायित्व स्वीकार गर्न मलाइ मञ्जुर छ । छात्रवृत्तिको प्रयोजनका लागि मैले उल्लेख गरेका र पेश गरेका तपसिलका विवरण तथा कागजातठिक साँचो हुन । झुट्टा ठहरे कानुन बमोजिम सहन/बुझाउन म तयार छु ।

### खण्ड (क) योगदानकर्ता निवेदकको व्यक्तिगत विवरण

| | | | |
|---|---|---|---|
| निवेदकको नाम | | | |
| जन्म मिति | वि.सं.: | इ.सं.: | उमेरः |
| नागरिकता विवरण | लिएको जिल्लाः | मितिः | ना.प्र.प.नं.: |
| लिङ्ग | महिला/पुरुष/अन्य | | |
| सम्पर्क ठेगाना | जिल्ला……………………………. गा.पा./न.पा ………………………………….वडा नं.…….. घर नं. नं…………………………मोबाइल……………………………… ईमेल……………………….……. | | |

सामाजिक सुरक्षा कोष

| | |
|---|---|
| स्थायी ठेगाना | जिल्ला...................... गा.पा./न.पा........................ वडा नं.........घर नं. ....... |

**खण्ड (ख) योगदानकर्ता निवेदकको रोजगारी सम्बन्धी विवरण**(एक भन्दा बढि भए पछिल्लो ५ बर्ष काम गरेका प्रतिष्ठान वा कार्यलयको मात्र क्रमश: उल्लेख गर्ने)

| | |
|---|---|
| कार्यरत संस्थाको नाम | |
| पुरा ठेगाना | |
| सम्पर्क | फोन नं. ......................................<br>इमेल ............................... |
| सामाजिक सुरक्षा नम्वर | |

**खण्ड (ग) छात्रवृत्तिका लागि आवदेन गरेको सन्ततिको व्यैयक्तिक विवरण**

| | | | |
|---|---|---|---|
| नाम | | | |
| जम्म मिति | वि.सं.: | इ.सं.: | उमेरः |
| सम्पर्क | मोवाइल नं. ......................................<br>इमेल ............................... | | |
| लिङ्ग | महिला/पुरुष/अन्य | | |

**खण्ड (घ) शैक्षिक संस्थाको विवरण**

| | | |
|---|---|---|
| अध्ययरत संस्था | नाम | |
| | ठेगाना | |
| | फोन नं | |
| अध्ययनरत विषय (कुनै एकमा√लगाउनुहोस।) | (क) चिकित्सा विज्ञान,<br>(ख) ईन्जिनियरिङ्ग,<br>(ग) नर्सिङ्ग, | |

सामाजिक सुरक्षा कोष

| | |
|---|---|
| | (घ) बन बिज्ञान,<br>(च) कृषि विज्ञान,<br>(छ) होटल तथा ट्राभल व्यवस्थापन ।<br>खण्ड (ख) को विषय भए अध्ययनको विशिष्टिकृत विधा ................. |
| दश जोड दुई वा सो सरह अध्ययन गरेको संस्था | नामः<br>ठेगानाः<br>प्राप्त गरेको अङ्क र ग्रेड: |
| | (कुनै एकमा√लगाउनुहोस।)<br>क) संस्थागत वा नीजिख) सामुदायिक वा सरकारी |
| SEEअध्ययन गरेको संस्था | नामः<br>ठेगानाः<br>प्राप्त गरेको अङ्क र ग्रेड: |
| | (कुनै एकमा√लगाउनुहोस।)<br>क) संस्थागत वा नीजि ख) सामुदायिक वा सरकारी |

**खण्ड (ङ) योगदानकर्ता निवेदकको पारिवारिक आय विवरण(नियमानुसार कर कट्टा गरे पछिको)**

| सि न | आयको श्रोत | बार्षिक आय रकम |
|---|---|---|
| १ | निवेदकको तलब भत्ता | |
| २ | पति/पत्नीको आम्दानी | |
| ३ | बाबु/आमाको आम्दानी | |
| ४ | एकाघर परिवारका अन्य सदस्यको आम्दानी | |
| ५ | घर भाडाको आम्दानी | |
| ६ | व्यापार व्यवसायको आम्दानी | |



सामाजिक सुरक्षा कोष

| | | |
|---|---|---|
| ७ | कृषि आम्दानी | |
| ८ | अन्य केही भए ............. | |
| कुल आय | | |

**अनुमानित खुद बार्षिक आय =रु. ........................................................**

**खण्ड (च): छात्रवृति माग फारामसाथ योगदानकर्ता निवेदकले देहायका कागजात स्वयंले प्रमाणित गरी प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।**

(क) योगदानकर्ता र सन्ततिबिचको नाता खुल्ने नाता प्रमाण-पत्र,

(ख) योगदानकर्ताको सन्ततिले दफा ७ मा उल्लिखित विषयमध्ये आफूले अध्ययन गर्न चाहेको विषयमा सम्वन्धित विश्व विद्यालय वा कलेज वा शिक्षण संस्थामा भर्ना भइ नियमित अध्ययन गरिरहेको प्रमाण,

(ग) आफूले रोजेको विषय अध्ययन गर्दा विश्वविद्यालय वा कलेज वा शिक्षण संस्थालाइ शैक्षिक शुल्क वापत भुक्तानी गर्नुपर्ने रकम खुल्ने पत्र,

(घ) रोजगारदाताको सिफारिस पत्र,

(ङ) सन्ततिको SEE र उच्च माध्यमिक तहको लब्धाङ्कपत्र तथा चारित्रिक प्रमाणपत्र,

(च) सामाजिक सूरक्षा परिचयपत्र,

(छ) योगदानकर्ता र सन्ततीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ज) योगदानकर्ताको सन्तति दफा ६ को खण्ड (घ) वमोजिम स्थायी नियुक्ति नपाएको स्वःघोषणा

(झ)SEE तथा दश जोड दुइ अध्ययन गरेको विद्यालयको प्रकृतिको विषयमा सम्वन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइ तथा राष्ट्रिय परिक्षा वोर्डको स्थानीय कार्यालयको पत्र ।

सामाजिक सुरक्षा कोष

भवदीय,

दस्तखतः ..............................................................

योगदानकर्ता निवेदकको

नामः.......................................................

मितिः ...............................................

रोजगारदाता सूचीकरण नम्बर .....................

सामाजिक सुरक्षा नम्बर ......................

| रेखात्मक | |
|---|---|
| | |
| दाँया | बाँया |
| | |

छात्रवृत्तिमा अध्ययन गर्ने योगदानकर्ताको सन्ततीको

हस्ताक्षर

नामः

मितिः

| रेखात्मक | |
|---|---|
| | |
| दाँया | बाँया |
| | |

सामाजिक सुरक्षा कोष

## अनुसूची २

## कार्यविधिको दफा १२ बमोजिम मूल्याङ्कनको आधारको विस्तृतीकरण

(१) कल्याणकारी कोषमा रकम जम्मा गर्ने प्रतिष्ठानका योगदानकर्ता २० अंक

१) पछिल्लो ५ वर्षमा५ आर्थिक बर्षको योगदान जम्मा भएको भएमा २० अंक

२) पछिल्लो ५ वर्षमा ४ आर्थिक बर्षको योगदान जम्मा भएको भएमा१७ अंक

३) पछिल्लो ५ वर्षमा ३ आर्थिक बर्षको योगदान जम्मा भएको भएमा १४ अंक

४) पछिल्लो ५ वर्षमा २ आर्थिक बर्षको योगदान जम्मा भएको भएमा११ अंक

५) पछिल्लो ५ वर्षमा १ आर्थिक बर्षको योगदान जम्मा भएको भएमा८ अंक

(२) योगदानकर्ताको सामाजिक सुरक्षा कोषमा योगदान २० अंक

१) पछिल्लो ५ वर्षमा ६० महिनाको योगदान जम्मा गरेमा २० अंक

२) पछिल्लो ५ वर्षमा ४८ महिनाको योगदान जम्मा गरेमा १६अंक

३) पछिल्लो ५ वर्षमा ३६ महिनाको योगदान जम्मा गरेमा १२ अंक

४) पछिल्लो ५ वर्षमा २४ महिनाको योगदान जम्मा गरेमा ८ अंक

**(३) सन्ततीको SEE र दश जोड दुइ वा सो सरहको परिक्षामा प्राप्त नम्बर वापत १५ अंक**

| **दश जोड दुइ वा सो सरहको परिक्षामा प्राप्त गरेको अङ्क वापत कुल ७.५** | |
|---|---|
| **ग्रेडिगं** | **अंक** |
| A+ | ७.५ |
| A | ५.५ |
| B+ | ३.५ |
| B | २.५ |
| **SEEपरिक्षामा प्राप्त गरेको अङ्क वापतकुल७.५** | |
| **ग्रेडिगं** | **अंक** |
| A+ | ७.५ |
| A | ५.५ |
| B+ | ३.५ |
| B | २.५ |

सामाजिक सुरक्षा कोष

**४)SEEर दश जोड दुइ वा सो सरह अध्ययन गरेको बिद्यालयको स्वरुप वापत १० अंक**

क)SEE पास गरेको बिद्यालयको प्रकृतिको आधारमा २.५ अंक

| सि न | बिद्यालय | अंक |
|---|---|---|
| अ | सामुदायिक विद्यालय | २.५ अंक |
| आ | संस्थागतविद्यालय | १ अंक |

ख) दश जोड दुइ तहपास गरेको बिद्यालयको प्रकृतिको आधारमा २.५ अंक

| सि न | बिद्यालय | अंक |
|---|---|---|
| अ | सामुदायिक बिद्यालय | २.५ अंक |
| आ | संस्थागत बिद्यालय | १ अंक |

ग) स्नातक तह अध्ययन गर्ने विश्व विद्यालय वा शैक्षिक संस्थाको प्रकृतिको आधारमा ५ अङ्क

| सि न | विश्व विद्यालय/ शैक्षिक संस्था | अंक |
|---|---|---|
| अ | सामुदायिक | ५ अंक |
| आ | संस्थागत | २.५ अंक |

**५)योगदानकर्ताको स्थायी ठेगाना र निजको सन्ततिले SEE सम्म अध्ययन गरेको विद्यालय वा शैक्षिक संस्था रहेको भौगोलिक क्षेत्र वापत १०अङ्क**

क) योगदानकर्ताको स्थायी ठेगाना रहेको भौगोलिक क्षेत्र वापत १० अङ्क

| सि न | भौगोलिक क्षेत्र | अंक | कैफियत |
|---|---|---|---|
| १ | क वर्ग | १० अंक | भौगोलिक क्षेत्रको बर्गीकरण कोषको कर्मचारी प्रशासन विनियमावलीमा उल्लेख भए बमोजिम हुनेछ। |
| २ | ख वर्ग | ८ अंक | |
| ३ | ग वर्ग | ६ अंक | |
| ४ | घ वर्ग | ४ अंक | |

सामाजिक सुरक्षा कोष